# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८२ श्रावण देखि पौष मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्

हेटौंडा, मकवानपुर

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

# विषयसूची


१. परिषद्को स्वरूप र प्रकृति

२. परिषद्को कार्यविवरण

३. परिषद्मा रहने कर्मचारी सङ्ख्या र परिषद्को सदस्यहरूको विवरण

४. शाखागत कार्यविवरण

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

६. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी

७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

८. सम्पादन गरेको कामको विवरण

९. सूचना अधिकारी र प्रमखको नाम र पद

१०. परिषद्को वार्षिक बजेट तथा खर्च विवरण सहितको प्रगति विवरण

११. परिषद्को वेवसाइट


बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौडा, मकवानपुर

# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

## १. परिषद्को स्वरुप र प्रकृति

प्रदेशमा योजनाबद्ध रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको व्यवस्था गरी प्राविधिक जनशक्ति उत्पादन तथा प्राविधिक सीपको स्तर निर्धारण एवम् प्रमाणीकरणको लागि प्रदेश प्राविधिक तथा व्यवासायिक शिक्षा एवम् तालिम परिषद्को स्थापना र सञ्चालन गर्ने उद्धेश्यका साथ प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् ऐन, २०७५ जारी गरिएको छ ।

उपर्युक्त ऐनमा भएका प्रावधानहरुको कार्यान्वयनका लागि प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली, २०८० स्वीकृत भई जारी भइसकेको छ । उक्त ऐनको दफा ३ मा सामाजिक विकास मन्त्रीको अध्यक्षतामा १७ सदस्यीय परिषद् गठन हुने व्यवस्था रहेको छ । परिषद्को सचिवालय र परिषद्का निर्णय कार्यान्वयन गर्ने प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को कार्यालय, हेटौंडा-८ कमानेमा स्थापना भएको छ ।

## २. परिषद्को कार्यविवरण:

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् नियमावली ,२०८० बमोजिम तपसिलका कार्यहरू सञ्चालनमा सहयोग गर्दछ ।

क) राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको संस्थागत विकास तथा कार्यान्वयनका लागि संघीय सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने,

ख) श्रम बजारको आवश्यकता अनुसार निजी क्षेत्रसँग समन्वय गरी मागको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको कार्यक्रम सञ्चालन गर्ने,

ग) राष्ट्रिय सीप प्रमाणीकरणका लागि स्तरीकृत सीप परीक्षण केन्द्रहरुको नियमन, सबलीकरण, जनशक्तिको क्षमता अभिवृद्धि तथा सीप परीक्षण गर्ने,

घ) पुर्व सिकाईको मान्यता विधि (Recognition of prior learning-RPL) बाट जीवन पर्यन्त सिकाई (औपचारिक, अनौपचारिक तथा अतिरिक्त) बाट आर्जित सीपको परीक्षण तथा प्रमाणीकरण गर्ने,

ङ) प्रचलित मापदण्डका आधारमा स्तर-निर्धारण सम्बन्धी कार्य गर्ने,

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

च) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका प्रशिक्षकहरुको लागि प्रशिक्षक अध्यापन अनुमति (license) सम्बन्धी कार्य गर्ने,

छ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको राष्ट्रिय प्रारुप अनुसार बजारको माग समेतलाई अध्ययन गरी विषय क्षेत्र तथा पेशा पहिचान गरी पाठ्यक्रम विकास गर्ने,

ज) प्रदेश तथा स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सम्बद्ध संस्थाहरुको संस्थागत क्षमता विकास गर्ने,

झ) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदायक शिक्षण संस्थाहरुका लागि छात्रवृति नीति निर्माण गरी कार्यान्वयन गर्ने,

ञ) तालिम तथा कार्यक्रममा सहभागीहरुको वृत्ति मार्ग निर्देशन सेवा सञ्चालन गर्ने,

ट) निजी क्षेत्रको सहभागितामा औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रम कार्यन्वयनका लागि पेशागत संघ/महासंघसंग समन्वय तथा सीप विकास कार्यक्रम कार्यन्वयन गर्ने,

ठ) तालिम प्रदायक संस्थाहरुलाई उनीहरुको क्षमताको आधारमा डिप्लोमा, प्रि-डिप्लोमा तहको सम्बन्धन तथा स्वीकृति दिने,

ड) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सञ्चालनका लागि दोहोरो शिक्षा प्रणाली (Dual Vet Approach) लाई प्रोत्साहन गर्ने,

ढ) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम सम्बन्धी योजना तर्जुमा कार्यन्वयन गर्ने,

ण) कार्यक्रम तथा बजेट सम्बन्धी कार्य,

त) अनुगमन तथा प्रतिवेदन सम्बन्धी कार्य,

थ) परिषद्को निर्देशन अनुसारका अन्य कार्यहरु ।

## ३. परिषद्मा रहेको कर्मचारी सङ्ख्या र परिषद्को सदस्यहरुको विवरण

### क. परिषद्को कर्मचारी सङ्ख्या

| क.स. | पदको नाम | सेवा समूह | श्रेणी/तह | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| १ | प्रमुख कार्यकारी निर्देशक | | अधिकृत ११ | १ |
| २ | कार्यालय प्रमुख | शिक्षा प्रशासन | अधिकृत ९/१० | १ |
| ३ | अधिकृत | सामान्य प्रशासन | अधिकृत ७/८ | १ |
| ४ | अधिकृत | शिक्षा प्रशासन | अधिकृत ७/८ | १ |
| ५ | सूचना प्रविधि अधिकृत | इन्जिनियरिङ कम्प्युटर | अधिकृत ७ | १ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| ६ | सहायक/अधिकृत | सामान्य प्रशासन | सहायक-५/अधिकृत-६ | १ |
| ७ | सहायक/अधिकृत | प्रशासन (लेखा) | सहायक-५/अधिकृत-६ | १ |
| ८ | सहायक/अधिकृत | शिक्षा (प्रा.स) | सहायक-५/अधिकृत-६ | २ |
| ९ | सहायक/अधिकृत | विविध (कम्प्युटर) | सहायक-५/अधिकृत-६ | १ |
| १० | ह.स.चा | | श्रेणी बिहिन | २ |
| ११ | कार्यालय सहयोगी | | श्रेणी बिहिन | २ |

## ख. परिषद्का सदस्यहरुको विवरण

प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् ऐन २०७५ र नियमावली २०८० बमोजिम गठित प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्मा कार्यरत पदाधिकारीहरुको विवरण:

| क्र.सं. | नाम थर | पद | कार्यालय/ठेगाना | कैफीयत |
|---|---|---|---|---|
| १ | माननीय कन्चन चन्द्र वादे | अध्यक्ष तथा मन्त्री | सामाजिक विकास मन्त्रालय | |
| २ | श्री नवराज धिताल | सदस्य | धुनिवेशी नगरपालिका वडा नं. ५, धादिङ | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ञ) बमोजिम |
| ३ | श्री नन्दकिशोर चौधरी | सदस्य | खैरहनी नगरपालिका-१२, चितवन | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ञ) बमोजिम |
| ४ | श्री उज्जवल चौंलागाईं | सदस्य | हेटौंडा उपमहानगरपालिका-६, मकवानपुर | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ञ) बमोजिम |
| ५ | श्री सितामाया स्याङ्तान | सदस्य | घ्याङलेख गाउँपालिका-२, सिन्धुली | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ञ) बमोजिम |
| ६ | श्री हर्सना महर्जन | सदस्य | काठमाडौं म.न.पा वडा नं. १६, काठमाडौं | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ञ) बमोजिम |
| ७ | श्री माधव देव पन्त | सदस्य | काठमाडौं म.न.पा वडा नं. २८, काठमाडौं | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ट) बमोजिम |
| ८ | श्री कश्यप प्रसाद पौडेल | सदस्य | मण्डनदेउपुर वडा नं-८, काभ्रे | ऐनको दफा ३ को उपदफा (२) खण्ड (ठ) बमोजिम |
| ९ | श्री | सदस्य | सदस्य, प्रदेश नीति तथा योजना आयोग | |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

| | | | | |
|---|---|---|---|---|
| १० | श्री | सदस्य | सचिव, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | |
| ११ | श्री | सदस्य | सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय | |
| १२ | श्री | सदस्य | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | |
| १३ | श्री | सदस्य | सचिव, सामाजिक विकास मन्त्रालय | |
| १४ | श्री | सदस्य | सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | |
| १५ | श्री | सदस्य | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
| १६ | श्री | सदस्य | सचिव, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | |
| १७ | श्री शान्ति लामा | सदस्य-सचिव | प्रमुख कार्यकारी निर्देशक, प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् | |

## ४. शाखागत कार्यविवरण

### क) प्रशासन, अनुगमन तथा सीप परीक्षण शाखा

- कर्मचारी तथा सामान्य प्रशासन सम्बन्धी कार्य,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम परिषद्बाट आवद्धता सम्बन्धमा,
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली सम्बन्धी कार्य,
- निजी क्षेत्रसंग समन्वय र सहकार्य,
- सीप तथा उद्यमशीलताको प्रवर्द्धनसंग सम्बन्धी कार्य,
- सीप परीक्षण सम्बन्धी आवश्यक कार्यहरु,
- पूर्व सिकाइ मान्यता विधिबाट जीवन पर्यन्त सिकाइबाट आर्जित सीप परीक्षण सम्बन्धी कार्य,
- सम्बन्धन तथा स्वीकृति सम्बन्धी कार्य,
- आर्थिक प्रशासन, आर्थिक नियन्त्रण प्रणाली तथा लेखापरिक्षण सम्बन्धी कार्य,
- जिन्सी सम्बन्धी कार्य
- अन्य तोकिएका कार्यहरु ।

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौडा, मकवानपुर

ख) कार्यक्रम तथा तालिम शाखा

- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी योजना, बजेट तथा कार्यक्रम सम्बन्धी कार्य,
- प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बन्धी तथ्याङ्क र व्यवस्थापन,
- प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको क्षेत्रमा संघ र स्थानीय तहसँग समन्वय,
- विभिन्न पेशा र तालिमका क्षेत्रहरुको पहिचान सम्बन्धी कार्य,
- प्राविधिक शिक्षाका प्रशिक्षार्थीहरुको लागि वृत्ती मार्ग निर्देशन सेवा सञ्चालन गर्ने,
- व्यावसायिक तथा सिपमुलक तालिमको पाठ्यक्रम विकास र कार्यान्यवन,
- अप्रेन्टिसीप एवम् व्यावसायिक तथा सीपमुलक तालिम सञ्चालन सम्बन्धी कार्य,
- निजी क्षेत्रसँग समन्वय र सहकार्य,
- स्तर निर्धारण सम्बन्धी कार्य,
- संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी कार्य,
- तालिम सम्बन्धी अध्ययन अनुसन्धान,
- अन्य तोकिएका कार्यहरु ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

| क.स | सेवा | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | वार्षिक कार्यक्रमसँग सम्बन्धित | कार्यक्रम तथा तालिम | देवनारायण चौधरी, अधिकृत नवौं<br>अजय कुमार भुजेल, सहायक पाँचौं<br>अनु चौधरी, सहायक पाँचौं |
| २ | प्रशासनसँग सम्बन्धित | प्रशासन | सुदर्शन तिमल्सिना, अधिकृत सातौं<br>कुमार श्रेष्ठ, सहायक पाँचौं |
| ३ | आर्थिक प्रशासनसँग सम्बन्धित | प्रशासन | प्रकाश खतिवडा, लेखा अधिकृत |

## ६. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी

✓ सम्बन्धित शाखाबाट टिप्पणी उठाइ कार्यालय प्रमुखबाट स्वीकृत गर्ने

## ७. निर्णय उपर उजुरी सुन्ने अधिकारी

✓ कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर

## ८. सम्पादन गरेको कामको विवरण (२०८२ श्रावण देखि पौष मसान्तसम्म)

<u>स्वीकृत भएका नियम कार्यविधि मापदण्ड</u>

- ✓ सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- ✓ प्रदेश प्राविधिक तथा व्यावसायीक शिक्षा एवं तालिम परिषद् ऐन, २०७५
- ✓ प्रदेश प्राविधिक तथा व्यावसायीक शिक्षा एवं तालिम परिषद् नियमावली, २०८०
- ✓ राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन कार्यविधि, २०८१

### आ.व. २०८२/८३ को पुष मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरु:

- ➢ गत आ. व. २०८१।०८२ मा सञ्चालन भएको सीप विकास तालिममा तालिम सम्पन्न प्रमाणपत्र प्रास गरेका २८७ जनाको सीप परीक्षण कार्य सम्पन्न भएको
- ➢ सीप परीक्षण परीक्षा सम्पन्न गरी उतीर्ण भएका परीक्षार्थीहरूको प्रमाण पत्र सम्बन्धित तालिम प्रदायक स्थानीय तह, आंगिक शिक्षालय र निजी तालिम प्रदायकहरू मार्फत वितरण कार्य भएको
- ➢ आ. व. २०८२।०८३ को औधोगिक परीक्षार्थी २४ महिने तालिम कार्यक्रम सञ्चालनका लागि १४ वटा शिक्षालयहरूसंग सम्झौता कार्यक्रम सम्पन्न भएको
- ➢ सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशिक्षकहरूको रोष्टर सूची तयार भएको
- ➢ स्थानीय तहको साझेदारीमा सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि १५ वटा स्थानीय तहसंग सम्झौता कार्यक्रम सम्पन्न भएको
- ➢ आंगिक शिक्षालयको सहकार्यमा सीपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि १० वटा शिक्षालयहरु छनोट भएको
- ➢ २४ महिने औधोगिक परीक्षार्थी तालिम कार्यक्रम सञ्चालनका लागि छनोट भएका १४ वटा शिक्षालयहरूलाई पहिलो किस्ता वापतको ४० प्रतिशत रकम निकासा गरिएको
- ➢ परिषद्को तेस्रो बोर्ड बैठक मिति २०८२ पुस ३० गते सम्पन्न भएको ।

## ९. सूचना अधिकारी र प्रमखको नाम र पद

| प्रमुख र सूचना अधिकारी | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवनारायण चौधरी | अधिकृतस्तर नवौं | ९८५५०१३२५२ |
| सूचना अधिकारी | सुदर्शन अधिकारी | अधिकृतस्तर सातौं | ९८५५०१६२५२ |

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौडा, मकवानपुर

## १०. परिषद्को वार्षिक बजेट तथा खर्च विवरण प्रगति विवरण (२०८२ श्रावण देखि पौष मसान्तसम्म)

चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरण

(रकम रु हजारमा)

| स्रोत | बजेट उप शीर्षक/कार्यालयको नाम | आ.व. २०८२/०८३ को कुल बजेट | | | आ.व. २०८२/८३ को पुष मसान्त सम्मको जम्मा खर्च | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| प्रदेश | ३५०००२१ (प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्) | ७५१९९।२३० | ६७२।०० | ७५७९१।२३० | ८०४१।८५३ | १४०।०० | ८१८१।८५३ | १०।६९% | २०।८३% | १०।७८% |
| संघ | ३५०९११२६३ (प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्) | ६१५५०।०० | - | ६१५५०।०० | १०४१०।३५७ | | १०४१०।३५७ | १६।९१% | | १६।९१% |
| जम्मा | | १३७४२१।२३० | ६७२।०० | १३७४२१।२३० | १८४५२।२१० | १४०।०० | १८५९२।२१० | | | १३।५३% |

## ११. परिषद्को वेवसाइटः https://pctvet.bagamati.gov.np/

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्
हेटौंडा, मकवानपुर